**Prithvi Journal of Research and Innovation**
[A Peer-Reviewed, Open Access Multidisciplinary Bilingual Journal; Indexed in NepJOL]
ISSN 2705-4888 [Print]; ISSN 2705-4896 [Online]
Special Issue “Research & Practice”, 15 June 2021, pp. 71-82
eJournal Site: http://ejournals.pncampus.edu.np/ejournals/pjri/

---------------------------------------------------------- *THEORETICAL/CRITICAL ESSAY ARTICLE*

# सुवेदीको *यमपुरीको महल* र राजवको *मोटेल अमेरिकामा* नेपाली डायस्पोराका समस्या

# [Nepali Diasporic Predicament in Subedi’s *Palace of Yamapuri* and Rajab’s *Motel America*]

**श्रीधर न्यौपाने, उपप्राध्यापक**
**[Shreedhar Neupane, Lecturer]**
नेपाली विभाग, पृथ्वीनारायण क्याम्पस,पोखरा
[Department of Nepali, Prithvi Narayan Campus, Pokhara]

**Article History:**
*Submitted 07 May 2021*
*Reviewed 26 May 2021*
*Accepted 01 June 2021*

**Corresponding Author:**
*Shreedhar Neupane*
*Email: shreedhar137@gmail.com*

**Article DOI**:
*https://doi.org/10.3126/pjri.v3i1.37436*

**Copyright Information:**
*Copyright 2021 © Author/s and Centre for Research and Innovation.*

*This work is licensed under a Creative Commons Attribution-NonCommercial 4.0 International License.*

**Publisher:**
*Centre for Research and Innovation*
*Prithvi Narayan Campus*
*Tribhuvan University*
*Pokhara, Nepal*
*[Accredited by UGC, Nepal]*

*Tel.: +977-61-576837*
*Email: research@pncampus.edu.np*
*URL: www.pncampus.edu.np*

**सार [ABSTRACT]**

*प्रस्तुत लेखमा होमनाथ सुवेदीले लेखेको यमपुरीको महल र राजवले लेखेको मोटेल अमेरिका उपन्यासका प्रमुख पात्रले अमेरिकामा भोग्नुपरेका समस्याका बारेमा अध्ययन गरिएको छ । यी दुई उपन्यासका प्रमुख पात्रहरू नेपालमा बेरोजगार बन्नुपरेको र आर्थिक समस्या भोग्नुपरेकाले उक्त समस्या समाधान गर्नाका लागि अमेरिका गएका हुन् । यसरी अमेरिका पुगेका नेपाली डायस्पोराले त्यहाँ के कस्ता समस्या भोगेका छन् भन्ने शोध्य समस्याको प्राज्ञिक विमर्श गर्ने उद्देश्यले यो लेख तयार गरिएको हो । कृतिविश्लेषण पद्धतिको अवलम्बन गरिएको यस लेखमा डायस्पोरिक लेखनलाई सैद्धान्तिक आधारका रूपमा उपयोग गरिएको छ । अध्ययनका क्रममा आवश्यक पर्ने सामग्री सङ्कलनको मुख्य स्रोत पुस्तकालयलाई बनाइएको छ । यस लेखमा नेपाली डायस्पोराका समस्यालाई डायस्पोरिक सिद्धान्तका कोणबाट अध्ययन गरिएकाले निगमनात्मक विधिको उपयोग गरिएको छ । काम र दामका लागि अमेरिका पुगेका नेपाली डायस्पोराले उचित सम्मान पाएका छैनन् अनि भयका बिचमा सङ्घर्ष गरिरहेका छन् भन्ने निष्कर्ष र प्राप्ति यस अध्ययनको रहेको छ । [The present paper aims to analyze the predicament faced by the protagonists of Hom Nath Subedi’s Palace of Yamapuri and Rajab’s Motel America. The protagonists of these two novels have migrated to America in search of opportunities that they came across back in Nepal, including their unemployment and poor economic condition. The study is conducted to discuss the predicament faced by the Nepali diasporic community in America. A critical review of analytical method has been adopted as an approach to study the diasporic texts. The study is based on the library research, using print resources for the secondary sources of information. In this paper, the predicament of*

*Nepali diasporic community has been viewed from the diasporic perspective. The paper concludes that Nepali diasporic communities have not lived a respectful life there and are struggling hard for survival.]*

**मुख्य शब्दहरू:** अधिकारविहीन, अल्पसङ्ख्यक, एक्लोपन, डायस्पोरा, भय
**[KEYWORDS:** Marginalization, minority, alienation, diaspora, anxiety]

### विषयप्रवेश

आधुनिक नेपाली उपन्यास लेखन यात्राका क्रममा पछिल्लो चरणमा नवीन लेखन प्रवृत्तिलाई आत्मसात् गर्दै उपन्यास लेखनमा सक्रिय रहेका उपन्यासकारहरू हुन् होमनाथ सुवेदी (२००४) र राजव (२०११) । जीवनजगत्का विविध पक्षलाई आख्यानात्मक ढङ्गले प्रस्तुत गरिने नवीन साहित्यिक विधा उपन्यास हो । पाश्चात्य सिर्जना परम्परामा आरम्भ र स्थापित भएको यस विधाले नेपाली साहित्यमा वि.सं. १८२७ मा शक्तिवल्लभ अर्यालको 'महाभारत विराट पर्व' बाट यस विधाको सिर्जना आरम्भ भएको देखिन्छ ।

वि.सं. १८२७ देखि हालसम्म आइपुग्दा नेपाली उपन्यासमा विभिन्न प्रवृत्तिलाई समेट्ने खालका औपन्यासिक कृतिहरू देखा परेका छन् । त्यस्तै नवीन प्रवृत्तिमध्येको एक डायस्पोरिक लेखन प्रवृत्ति पनि हो । आफ्नो जन्मभूमिलाई रहर वा बाध्यता जुनसुकै कारणले छाडेको भए पनि पराइ मुलुकमा सङ्घर्ष गर्न बाध्य बनेका मानवका पीडालाई समेटेर लेखिएको उपन्यास डायस्पोरिक उपन्यास हो । यस्तो लेखन प्रवृत्तिलाई आत्मसात् गरेर होमनाथ सुवेदीले *यमपुरीको महल* (२०६४) र राजवले *मोटेल अमेरिका* (२०६७) उपन्यास लेखेका छन् । यी दुई उपन्यासाई डायस्पोरिक मान्यतालगायत अन्य आधारबाट विश्लेषण गर्न सकिने भए पनि अमेरिकाका नेपाली डायस्पोराले के कस्ता समस्या भोलेका छन् भन्ने समस्याको अध्ययन गर्ने उद्देश्य यस लेखमा राखिएको छ । कृतिविश्लेषण पद्धतिको अवलम्बन गरएको यस लेखमा मूलतः निगमनात्मक विधिको उपयोग गरिएको छ । *यमपुरीको महल* उपन्यासको प्रमुख पात्र प्रेम र *मोटेल अमेरिका* उपन्यासको प्रमुख पात्र राम शर्मा कँडेलका माध्यमबाट अमेरिकामा बसेका नेपालीले भोग्नुपरेका समस्याका बारेमा चर्चा गरिएको छ । त्यहाँ रहेका नेपालीले तल्लो स्तरको काम गर्नुपरेको, अल्पसङ्ख्यक भएकाले समस्या भोग्नुपरेको, भय र त्रासमा बाँच्नुपरेको, आर्थिक सङ्कटसँग जुध्नुपरेको तथा एक्लोपनको पीडा भोग्नुपरेको जस्ता समस्या भोलेका छन् । त्यहाँ रहेका नेपाली डायस्पोराले कतैबाट पनि सहयोग प्राप्त गर्न सकेका छैनन् । रोजगारको प्राप्ति र आर्थिक अवस्थामा सुधार गर्ने अपेक्षाले अमेरिका पुगेका नेपाली डायस्पोराले न त परिवारको इच्छा पूरा गर्न सफल भएका छन् न त अमेरिकामा उचित सम्मान नै पाएका छन बरु भययुक्त वातावरणका बिचमा सङ्घर्ष गरिरहेका छन् भन्ने निष्कर्ष यस अध्ययनबाट निकालिएको छ ।

### समस्या कथन

होमनाथ सुवेदी र राजव आधुनिक नेपाली उपन्यासका क्षेत्रमा प्रसिद्ध उपन्यासकारका रूपमा स्थापित छन् । उनीहरूले अमेरिकामा बसेका नेपाली डायस्पोराका समस्यालाई समेटेर *यमपुरीको महल* र *मोटेल अमेरिका* उपन्यास लेखेकाले यी दुई उपन्यासमा उत्तरआधुनिक प्रवृत्ति पनि पाइन्छ । *यमपुरीको महल* उपन्यासको पात्र प्रेम र *मोटेल अमेरिका* उपन्यासको पात्र राम शर्माले आर्थिक सङ्कटका कारण दयनीय बनेको आफ्नो दुरवस्थालाई सुधार्नका लागि अमेरिका पुगेका र त्यहाँ उनीहरूले सोचे जस्तो भने पाउन सकेका छैनन् । उनीहरूले त्यहाँ उल्टै अनेक समस्या र पीडा भोल्न बाध्य बनेका छन् । अमेरिकामा नेपाली डायस्पोराले के कस्ता समस्या भोलेका छन् भन्ने मुख्य शोध्य समस्यालाई यस लेखमा प्राज्ञिक जिज्ञासाका रूपमा उठाइएको छ ।

### उद्देश्य

प्रस्तुत लेखमा *यमपुरीको महल* र *मोटेल अमेरिका* उपन्यासका पात्रले अमेरिकामा भोल्नुपरेका समस्याका बारेमा अध्ययन र विश्लेषण गर्ने उद्देश्य राखिएको छ ।

### पूर्वकार्यको पर्यवलोकन

उपन्यासकार होमनाथ सुवेदीले लेखेको *यमपुरीको महल* र राजवले लेखेको *मोटेल अमेरिका* उपन्यासमा काम र दामका लागि अमेरिका पुगेका नेपाली पात्रले त्यहाँ भोल्नुपरेका समस्यालाई विषय

बनाइएको छ । यी उपन्यासका बारेमा डायस्पोरिक कोणबाट गरिएका पूर्वाध्ययनको कालक्रमिक पर्यवलोकनलाई यहाँ प्रस्तुत गरिएको छ :

मोहन सिटौला (२०६८) ले *यमपुरीको महल*को भूमिकामूलक लेखमा *यमपुरीको महल* उपन्यासको नेपाली पात्र प्रेमले नर्थ अमेरिकामा गएपछि भोल्नुपरेका समस्याहरूलाई स्वप्न शैलीमा प्रस्तुत गरिएको छ भन्ने कुरा प्रस्तुत गरेका छन् । उपन्यासको पात्र प्रेमले भोगेका पीडाका कारण उसमा निराशा, घृणा र विद्रोहको भाव जागृत भए पनि आफ्नो आर्थिक दुरवस्थाका कारण कर्ममा लागिरहेको छ भन्ने कुरालाई यस लेखमा प्रस्तुत गरिएको छ । शोधसमस्यामा उठाइएको समस्याको समाधान यस पूर्वाध्ययनमा रिक्तता देखिन्छ ।

गोविन्दराज भट्टराई (२०६८) ले 'नेपाली डायास्पोरिक साहित्यको प्रथम उपन्यास यमपुरीको महल' शीर्षकको *यमपुरीको महल* उपन्यासको भूमिकामूलक लेखमा डायास्पोरिक लेखनका औपनिवेशिक अनुभूति, सम्मिश्रण, संस्कृति भञ्जन, अपरिचय, ऐकान्तिकता, अन्यता, द्वैधता, अनिश्चितता, अभिघात र असुरक्षा-भय जस्ता डायस्पोरिक साहित्यका प्रवृत्तिका बारेमा चर्चा गरेका छन् । स्वदेशमा तुच्छताको महसुस भएपछि पट्यारलाग्दो निकृष्ट जीवनबाट मुक्त हुन अमेरिका छिरेको प्रेमले त्यहाँ दुर्दशा, हास्यास्पद स्थिति र चिन्ता, परिचयहीनयुक्त निम्न गर्तको जीवन भोगेको छ भन्दै प्रेमको अमेरिकाको जीवन आनन्दमय होइन भयग्रस्त र दयालाग्दो किसिमको भएको कुरा भट्टराईले गरेका छन् । यस लेखमा उपन्यासको पात्रले अमेरिकामा भोलेको समस्यालाई नै केन्द्र बनाएर गहन विश्लेषणको अपूर्णता देखिन्छ ।

रामनाथ ओझा (२०६६) ले 'डायास्पोरिक उपन्यास यमपुरीको महलको विश्लेषण' शीर्षकको *पृथ्वीदर्पण*मा प्रकाशित लेखमा अभिघातको अभिव्यक्ति, अतीतको यात्रा, द्वैध सांस्कृतिक चेतना, द्वैध मानसिकता, ऐकान्तिकता जस्ता उपशीर्षकहरू दिएर उपन्यासको अध्ययन गरेका छन् । प्रवासी पात्र प्रेमले अमेरिकामा भोल्नुपरेका समस्यालाई नै केन्द्रमा राखी गहन विश्लेषणको अपर्याप्तता यस पूर्वाध्ययनमा देखिन्छ ।

विन्दु पौडेल (२०६७) ले 'यमपुरीको महल : एक विश्लेषण' शीर्षकको *अवधारणा* पत्रिकामा प्रकाशित लेखमा पुर्ख्यौली भूमि र इच्छित भूमि, विभाजित मानसिकता, अल्पसङ्ख्यक र सीमान्तीकृत हुनुको पीडा, परादेशीय हुनुको रोमाञ्च र चिन्ता, अस्तित्वबोधका लागि एक सूत्रताको खोजी, अभिघातको अभिव्यक्ति, द्वैध सांस्कृतिक चेतना, अतीतमोह, ऐकान्तिकता, विशिष्ट शैली जस्ता उपशीर्षकहरू दिएर *यमपुरीको महल* उपन्यासको अध्ययन गरेकी छन् । अमेरिकामा पात्रले भोग्नुपरेको सङ्कट, सङ्घर्ष, सन्त्रासमय भविष्य, परिचयको सङ्कट, अतीतमोह आदिलाई यस उपन्यासमा व्यक्त गरिएको छ भन्ने कुरा पौडेलले प्रस्तुत गरेकी छन् । यस लेखमा पात्रले अमेरिकामा भोग्नुपरेको समस्यामा नै केन्द्रित भएर गरिएको अध्ययनमा अपूर्णता रहेको देखिन्छ ।

प्रमोद पङ्गानी (२०६८) ले "डायास्पोरिक लेखनका कोणबाट यमपुरीको महल उपन्यासको विश्लेषण" शीर्षकको स्नातकोत्तर तहको शोधकार्यमा पुर्ख्यौली भूमि र इच्छित भूमि, विभाजित मानसिकता, अल्पसङ्ख्यक र सीमान्तीकृत हुनुको पीडा, परादेशीय हुनुको रोमाञ्च र चिन्ता, अस्तित्वबोधका लागि एक सूत्रताको खोजी, अभिघातको अभिव्यक्ति, द्वैध सांस्कृतिक चेतना, अतीतमोह, ऐकान्तिकता जस्ता डायास्पोरिक प्रवृत्तिका आधारमा यस उपन्यासको विश्लेषण गरेका छन् । यस अध्ययनमा अमेरिकामा बसेका नेपाली डायस्पोराका समस्यालाई नै केन्द्रमा राखेर गहन अध्ययनको अपर्याप्तता देखिन्छ ।

विष्णुप्रसाद पौडेल (२०६८) ले 'समकालीन नेपाली युवा पुस्ताको पीडा : मोटेल अमेरिका' शीर्षकको *भानुप्रवाह* पत्रिकामा प्रकाशित लेखमा नेपाली युवा पुस्ताले स्वदेश तथा परदेशमा भोल्नुपरेका समस्याहरूलाई चित्रण गरिएको कुरा बताउँदै पौडेलले यस उपन्यासलाई डायास्पोरिक उपन्यास भनेका छन्। यस लेखमा नेपाली युवाले पराइ मुलुकमा भोल्नुपरेका समस्यामा नै केन्द्रित भएर गहन विश्लेषणको अपूर्णता देखिन्छ ।

श्रीधर न्यौपाने (२०६८) ले 'मोटेल अमेरिका उपन्यासको विश्लेषण' शीर्षकको *प्राज्ञमञ्च* पत्रिकामा प्रकाशित लेखमा *मोटेल अमेरिका* उपन्यासको प्रमुख पात्र ऊ (राम शर्मा, कँडेल) नेपाल र अमेरिकामा रहँदा बेरोजगारीले पीडित बन्नुपरेको कुरा प्रस्तुत गर्दै डायास्पोरिक साहित्यका प्रवृत्तिका आधारमा *मोटेल अमेरिका* उपन्यासको विश्लेषण गरेका छन् । यस लेखमा नेपाली पात्रले अमेरिकामा भोल्नुपरेका समस्यालाई नै केन्द्र बनाएर गहन विश्लेषणको अपर्याप्तता देखिन्छ ।

श्रीधर न्यौपाने (२०६९) ले "डायास्पोरिक लेखनका कोणबाट यमपुरीको महल र मोटेल अमेरिका उपन्यासको तुलनात्मक अध्ययन" शीर्षकको लघु अनुसन्धानमा डायस्पोरिक साहित्यका प्रवृत्तिका आधारमा

*यमपुरीको महल* र *मोटेल अमेरिका* उपन्यासको तुलनात्मक अध्ययन गरेका छन् । यस अध्ययनमा अमेरिकी नेपाली डायस्पोराले भोग्नुपरेका समस्यामा केन्द्रित भई गहन विश्लेषणको अपर्याप्तता रहेको देखिन्छ ।

लक्ष्मीशरण अधिकारी (२०७४) ले *डायस्पोरा विमर्श* कृतिमा *यमपुरीको महल* र *मोटेल अमेरिका* उपन्यासलाई डायस्पोरिक साहित्यका प्रवृत्तिका आधारमा विश्लेषण गरेका छन् । यसका साथै दासत्व, चेतनप्रवाह पद्धति जस्ता सन्दर्भलाई समेत विश्लेषणको आधार बनाएका छन् । यस कृतिमा अमेरिकामा बसेका नेपाली पात्रले भोग्नुपरेका समस्यालाई नै आधार बनाई गहन विश्लेषणको अपर्याप्तता देखिन्छ ।

माथि प्रस्तुत गरिएका पूर्वाध्ययनमा *यमपुरीको महल* र *मोटेल अमेरिका* उपन्यासमा डायस्पोरिक प्रवृत्ति पाइने कुराको चर्चा गरिएको छ । यसो भए पनि अमेरिकी नेपाली डायस्पोराले त्यहाँ झेल्नुपरेका समस्यामा नै केन्द्रित भएर गहन अध्ययनको अपर्याप्तता रहेको कुरा पूर्वाध्ययनको पर्यवलोकनबाट स्पष्ट हुन्छ । त्यसैले अमेरिकी नेपाली डायस्पोराले भोग्नुपरेका समस्यामा नै केन्द्रित भएर यी दुई उपन्यासको अध्ययन गर्न आवश्यक देखिएकाले यो अध्ययन गर्न लागिएको हो ।

## शोधविधि

प्रस्तुत अध्ययन डायस्पोरिक मान्यताका आधारमा *यमपुरीको महल* र *मोटेल अमेरिका* उपन्यासको विश्लेषणमा केन्द्रित रहेकाले मूलतः निगमनात्मक विधिको उपयोग यस लेखमा गरिएको छ । कृतिविश्लेषण पद्धतिको प्रयोग यस अध्ययनमा गरिएको छ । यस अध्ययन कार्यका लागि आवश्यक पर्ने सम्पूर्ण सामग्रीको सङ्कलन, सैद्धान्तिक आधार र विश्लेषणको ढाँचालाई छुट्टाछुट्टै रूपमा यसरी प्रस्तुत गर्न सकिन्छ :

### *सामग्री सङ्कलनविधि*

प्रस्तुत अध्ययन डायस्पोरिक मान्यताका आधारमा उपन्यासकार होमनाथ सुवेदीको *यमपुरीको महल* र राजवको *मोटेल अमेरिका* उपन्यासको विश्लेषणमा केन्द्रित छ । अध्ययनका क्रममा आवश्यक पर्ने सामग्री सङ्कलनका लागि मुख्य स्रोत पुस्तकालयलाई बनाइएको छ । यस अध्ययनमा प्राथमिक सामग्रीका रूपमा *यमपुरीको महल* र *मोटेल अमेरिका* उपन्यास रहेका छन् भने यस अध्ययनसँग सम्बन्धित सैद्धान्तिक खण्डका सामग्री, लेख, समालोचनाहरूलाई द्वितीयक स्रोतका रूपमा उपयोग गरिएको छ ।

### *सैद्धान्तिक आधार*

जन्मभूमि र कर्मभूमि भिन्न भएका मानव वा मानव समुदायलाई डायस्पोरा भनिन्छ । ‘स्पिरो’ (speiro) धातुमा ‘डाया’ (dia) उपसर्ग लागेर बनेको डायस्पोरा (diaspora) ग्रिसेली भाषाको शब्द हो (गौतम, २०६४, पृ. २८०) । ‘डाया’ को अर्थ देखि, देखिन, बाट (through or accorss) र ‘स्पिरो’ को अर्थ छरिनु (to show or scatter) भन्ने हुन्छ । आरम्भमा ग्रिसेलीहरूले बिरुवाको बिउ छरिनु भन्ने अर्थमा डायास्पोरा शब्दको प्रयोग गरे पनि पछि मान्छेको वितरण भन्ने अर्थमा पनि यो शब्द प्रयोग हुन थाल्यो (एटम, २०६७, पृ. २८) । ग्रिसेलीहरूले विभिन्न सन्दर्भमा डायास्पोरा शब्दको प्रयोग गरे पनि अहिलेको बुझाइको सन्दर्भ र अर्थ भने फरक रहेको छ । खास गरेर बेबिलोनियन र रोमनले प्यालिस्टिनमा आक्रमण गरेर विजय प्राप्त गरेपछि त्यहाँका यहुदीहरू छिन्न भिन्न भए । तिनै छिन्न भिन्न भएका यहुदीहरूलाई चिनाउन डायास्पोरा शब्द प्रयोग गरिएको हो (लुइटेल, २०६८, पृ. ५५) । यस शब्दले इजरायलभन्दा बाहिर बसोबास गर्ने यहुदीहरूको समुदायलाई पनि बुझाउँछ ।

प्रारम्भमा डायस्पोरालाई फरक रूपमा चिनाइन्थ्यो । खास गरी ई.पू. ५८६-ई.पू. ५३८ सम्म यहुदीहरूलाई प्यालिस्टिनमा बन्दी बनाइएको थियो । उक्त बन्धनबाट मुक्त भएपछि चारैतिर छरिएका यहुदीहरूलाई डायास्पोरा भनियो (भट्टराई, २०६४, पृ. ११७) । आजका परिवेशमा केवल यस शब्दले प्यालिस्टिनको बन्धनबाट मुक्त यहुदीहरूलाई मात्र जनाउँदैन । एउटा देश, भाषा, जाति, संस्कार, संस्कृति, समाज, परिवेश आदिमा आबद्ध मान्छे कुनै भिन्नै मुलुकको भाषा, जाति, संस्कार, संस्कृति, समाज, परिवेश आदिमा गएर मिसिन पुगेपछि त्यो मान्छे डायास्पोरा हुन्छ (गौतम, २०६६, पृ. १२६) । डायस्पोराले एउटा देश मात्र छाडेको हुँदैन । यसका अतिरिक्त आफ्नो भाषा, संस्कार, संस्कृतिलाई समेत छाडी अर्कै मुलुकमा बस्न पुगेका हुन्छन् । अर्को मुलुकमा पुगेपछि त्यसै देशको भाषा, संस्कार, संस्कृति प्रयोग गर्न बाध्य हुन्छन् । यसका अतिरिक्त उनीहरूले पराइ मुलुकमा अनेक समस्या र सङ्कटसँग जुध्नुपर्ने बाध्यता आइलाग्छ ।

मानिसले आफ्नो जन्मभूमि रहर वा बाध्यताले छाडेको हुन्छ । युद्ध, प्राकृतिक प्रकोप, राजनीति, एडवेन्चरको खोजी आदि कारणले मान्छेले आफ्नो देश छाडेका हुन्छन् । आफ्नो जन्मभूमिबाट टाढिएका

मानिसले पराइ भूमिमा अनेक समस्यासँग सङ्घर्ष गरिरहेका हुन्छन् । यसरी जुनसुकै कारणले भए पनि एउटा देशबाट अर्को देशमा गएका मानव समुदायलाई आजका सन्दर्भमा डायस्पोराका रूपमा चिन्ने गरिन्छ । यस्ता मानव समुदायले पराइ मुलुकमा अनेक समस्या भोल्न बाध्य हुन्छन् । जुन उद्देश्य बोकेर पराइ भूमिमा पुगेका हुन्छन् ती उद्देश्य पूरा नहुँदा मानिसमा निराशा, पीडाको अनुभूति त हुन्छ नै साथै पराइ मुलुकमा असुरक्षाको अनुभव पनि उत्तिकै रहेको हुन्छ । पराइ मुलुकमा बसेर सङ्घर्ष गरिरहेको यस्तै मानिसका पीडा, समस्या, अभाव, असुरक्षालाई आधार बनाएर लेखिएको साहित्य डायस्पोरिक साहित्यका रूपमा लिने गरिन्छ ।

### *विश्लेषणको ढाँचा*

नेपाली उपन्यासका क्षेत्रमा पछिल्लो चरणमा अमेरिकामा बसोबास गर्ने नेपाली डायस्पोराका समस्यालाई केन्द्रमा राखेर उपन्यास लेखी चर्चित बनेका उपन्यासकारहरू होमनाथ सुवेदी र राजवले लेखेका क्रमशः *यमपुरीको महल* र *मोटेल अमेरिका* उपन्यास हुन् । यी उपन्यासमा काम र दामका लागि अमेरिका गएका नेपाली पात्रले के कस्ता समस्या भोलेका छन् भन्ने समस्याको विश्लेषणका निम्ति तय गरिएको उपन्यासको विश्लेषणको ढाँचालाई यसरी प्रस्तुत गर्न सकिन्छ :

| क.सं. | शोधप्रश्न | विश्लेषण ढाँचा | पद्धति |
|---|---|---|---|
| १ | *यमपुरीको महल* र *मोटेल अमेरिका* उपन्यासमा प्रमुख पात्रले अमेरिकामा के कस्ता समस्या भोगेका छन् ? | -तल्लो स्तरको काम गर्नु<br>-अल्पसङ्ख्यक हुनुको पीडा<br>-भय र त्रासमा बाँच्नु<br>-आर्थिक समस्या<br>-एक्लोपन | कृतिविश्लेषण पद्धति |

### सीमाङ्कन

होमनाथ सुवेदी र राजव नेपाली साहित्यका विशिष्ट सिर्जना सामर्थ्य भएका स्रष्टा हुन् । यिनीहरूले साहित्यको उपन्यास विधामा कलम चलाई नेपाली साहित्यका क्षेत्रमा नवीन प्रवृत्तिको प्रयोग गरेका छन् । त्यस्तैमध्येको डायस्पोरिक प्रवृत्ति पनि एक हो । यसै प्रवृत्तिलाई होमनाथ सुवेदीले *यमपुरीको महल* र राजवले *मोटेल अमेरिका* उपन्यासमा प्रयोग गरेका छन् । यी उपन्यासलाई विभिन्न कोणबाट अध्ययन गर्न सकिने भए पनि डायस्पोरिक कोणअन्तर्गतको नेपाली डायस्पोराले अमेरिकामा भोगेका समस्यालाई मात्र विश्लेषण गर्नु यस अध्ययनको सैद्धान्तिक सीमा हो । यसै गरी *यमपुरीको महल* र *मोटल अमेरिका* उपन्यासका प्रमुख पात्रले भोगेका समस्याको मात्र विश्लेषण गर्नु कृतिगत सीमा रहेको छ ।

### *यमपुरीको महल* र *मोटेल अमेरिका* उपन्यासको विश्लेषण

उपन्यासकार होमनाथ सुवेदीले लेखेको उपन्यास हो *यमपुरीको महल* । अन्तर्राष्ट्रिय नेपाली साहित्य समाजद्वारा वि.सं. २०६४ मा प्रकाशित यो उपन्यास अठार परिच्छेदमा विभाजित छ । जम्मा १३८ पृष्ठमा संरचित यस उपन्यासको प्रमुख पात्र प्रेम हो । नेपालको म्याग्दी जिल्लाको राखू भन्ने ठाउँको यो पात्र आफ्नो घरको आँगनको पूर्वी कुनामा घाम तापेर सुतेका बेला देखेको सपनाका आधारमा यस उपन्यासको संरचना तयार भएको छ । यसमा डायास्पोरिक प्रवृत्ति त छँदै छ साथै जीवनको यान्त्रिकता र शैल्पिक नवीनता जस्ता गुणहरूले गर्दा उत्तरआधुनिक प्रवृत्तिहरू पनि रहेका छन् (पौडेल, २०६९, पृ. ५४) । विपनामा नेपालमा बेरोजगार रहेको प्रेम सपनामा अमेरिका पुगी हन्डर खान पुग्छ । पहिलो र अन्तिम परिच्छेदमा मात्र प्रेम नेपालमा छ भने बाँकी रहेका दुईदेखि सत्र परिच्छेदसम्म अमेरिकामा दुःख भोल्दै बस्नुपरेको छ । अमेरिकामा भोलेका सारा समस्याहरू उसले सपनामा देखेका कुरा हुन् । पचास वर्ष अमेरिकामा नङ्ग्रा खियाएको प्रेम उपन्यासको अन्त्यसम्म बहत्तर वर्ष पुगेको छ । तीन चार घण्टाको समयमा देखेको सपनामा प्रेमले गरेको महायात्रा र त्यसबाट उत्पन्न भएको महासङ्कटको प्रस्तुतिले नै उपन्यासको संरचना तयार भएको हो । सपनाभित्रका सपना प्रस्तुत गरिएको यस उपन्यासमा स्वप्न शैली, पूर्व दीप्ति शैली तथा चेतन प्रवाह शैलीको प्रयोग भएको छ । खास गरी बेरोजगार नेपाली युवाको कल्पना र उसले विदेशमा भोल्नुपर्ने सास्तीको सशक्त प्रस्तुति हो *यमपुरीको महल* ।

उपन्यासकार राजवले लेखेको उपन्यास हो *मोटेल अमेरिका* । साभा प्रकाशनबाट वि.सं. २०६७ मा प्रकाशित यो उपन्यास बीस परिच्छेदमा विभाजित छ । आठ, नौ, दश, बाह्र, र उन्नाइस परिच्छेदहरूलाई चिन्ह सङ्केतका माध्यमबाट उप विभाजन गरिएको छ । जम्मा १०६ पृष्ठमा संरचित यस उपन्यासका सबै घटना अमेरिकामै घटेका छन् । उपन्यासको प्रमुख पात्र 'ऊ' अर्थात् राम शर्मा, कँडेल अमेरिका जान पर्नाको

कारण भने परिच्छेद सोह्रमा खुलाइएको छ । छोराले अमेरिका जाने सोच बनाएको थाहा पाएपछि फुर्किएको बाबुले ऊ पात्रलाई दश लाख रूपियाँ ऋण खोजी अमेरिका पठाएको हो । अमेरिकामा पुगेर आठ महिना बेरोजगार बस्नु पर्दाको पीडा, बाबुले तारन्तार पैसा पठाइ दिनुपर्‍यो भनी गरेको फोन अनि मिनार पौडेलकहाँ बसेर खानु पर्दाको अर्को छटपटीले सताइएको छ ऊ । उपन्यासका बीस परिच्छेदमध्ये एघार परिच्छेदसम्म बेरोजगारको पीडा अनि मिनार पौडेलको काम पाइन्छ भन्ने आश्वासनमा कहिले पार्क त कहिले पुस्तकालयमा टहलिँदै बितेको छ ऊ पात्रको समय । उपन्यासमा ठोस कथानक नभए पनि ऊ पात्रले भोगेका र अनुभूत गरेका घटना प्रसङ्गलाई श्रृङ्खलाबद्ध रूपमा बुन्ने काम भएकाले बाह्य र आन्तरिक संरचना व्यवस्थित बन्न पुगेको छ ।

विश्लेष्य यी दुई उपन्यासलाई विभिन्न उपशीर्षकमा विभाजन गरी उपन्यासका प्रमुख पात्रहरू प्रेम र राम शर्माले अमेरिकामा भोग्नुपरेका समस्याका बारेमा यहाँ चर्चा गरिन्छ :

### *तल्लो स्तरको काम गर्नु*

*यमपुरीको महल* र *मोटेल अमेरिका* दुवै उपन्यासका प्रमुख पात्रहरू नेपालमा जन्मेहुर्केका हुन् । नेपालमा बेरोजगारी समस्याले थलिएका यी दुवै प्रमुख पात्रहरू काम र दामका लागि अमेरिका पुगेका हुन् । *यमपुरीको महल* उपन्यासको प्रमुख पात्र प्रेम नेपालको म्याग्दी जिल्लामा जन्मेको पात्र हो । प्रशस्त पैसा कमाएर ठूलो महल खडा गर्ने सपना बोकेर यो पात्र अमेरिका छिरेको हो । हुनत नेपालमा बस्दा उसको जागिर नभएको होइन । शिक्षक हडतालमा लागेकाले उक्त जागिरबाट बर्खास्तीमा परेपछि बेरोजगार बनेको यस पात्रलाई जागिर अनिवार्य थियो तर स्थिति नेपालमा सम्भव नभएपछि अमेरिका पुगेको छ । प्रेम जुन उद्देश्य बोकेर अमेरिका पुगेको थियो त्यो उद्देश्य पूरा गर्ने यात्रामा लाग्दा उसले निकै कठिनाइ झेल्न परेको छ । अमेरिका पुगेको एक वर्षसम्म त्यसै भौंतारिएको यस पात्रले काम पाइने आशा भने मारेको छैन ।

अमेरिकामा बाटामा त्यसै हिँडिरहँदा खम्बामा ठोक्किएर लडेकी हीरालाई उठाएको प्रेमले उसबाट पाँच डलर पाएपछि त्यसको सदुपयोग गर्दै मिठो खाने योजना बनाए पनि आफ्नो बेरोजगारीका कारण मिठो खाने योजनालाई एकातिर पन्छाएर ड्रग फेयर स्टोरबाट बेल्चा किन्छ । कामका विकल्पहरू केही नपाएपछि बाटो सफा गर्ने योजनामा लागेको प्रेमले दुई दिनसम्म कामको खोजी गर्दा पनि उसलाई कसैले पत्याउँदैनन्। यस्तो स्थितिमा अझ पीडाको महसुस गरेको यस पात्रले पछि फारेगुनार्थको मेट्रो स्टेसननेर सानो गल्लीको हिउँ उठाएर बाटो खोल्ने अवसर पाउँछ । नेपालमा शिक्षकसमेत भइसकेको यस पात्रले उच्च स्तरको काम त के पहिला त काम नै पाएन । पाएको काम पनि अत्यन्त निम्न कोटिको रहेको देखिन्छ । पछि बलस्टिन, नर्थग्लिब रोडतिर काम खोज्दै जाँदा हीराको सानो दुई तले घरअगाडि हिउँ सफा गर्ने काम पाउँछ । यसका साथै हीराको घरको बेसमेन्ट सफा गर्ने जिम्मासमेत पाउँछ । त्यसको एक हिउँदपछि हीराको घरतिर पर्स्यौला बटुल्ने कामसमेत गर्न पुग्छ ।

*मोटेल अमेरिका* उपन्यासको पात्र ऊ अर्थात् राम शर्मा कँडेल नेपालमा जन्मेको पात्र हो । नेपालमा एम.ए. पास गरेको यस पात्रले यति पढ्दा पनि जागिर नपाएपछि बाबुले दश लाख रुपियाँ ऋण खोजी उसलाई अमेरिका पठाएको हो । अमेरिका पुगेपछि आठ महिनासम्म मिनारकहाँ बसेको र उसले नै आफूले काम गर्ने डाउनटाउन बोस्टनस्थित 'इन्डियन ढावा' बाट रहलपहल खाने कुरा ल्याइदिएको खाना खाएर जीवन धानेको छ । अमेरिका पुगेको आठ महिनापछि यही मिनारले हरिन्दरको होटल 'मोटेल अमेरिका' मा काम मिलाइदिन्छ । खानबस्नको सुविधासहित काम पाएको रामले उक्त होटलको फ्रन्ट डेक्समा बसेर काम गर्न थाल्छ । उसलाई एमा र मिचेलले पनि सघाइरहेका छन् । जेसिका र एन्जेलिकाले हाउस किपिङको काम गरिरहेका छन् । डस्टी क्यान रोजरले बुट्यान सफा गर्ने काम गरेको छ उक्त होटलमा । रामका लागि उक्त होटलको काम न सरल थियो न गतिलो नै । एकातिर राति बाह्र बजेसम्म पनि आएका पाहुनालाई स्वागत गरिरहनुपर्ने अनि बिहान सात बजे नै ब्रेक फास्ट तयार गरिदिनुपर्ने बाध्यताले रामको न खाने न सुत्ने नै ठेगान थियो । यति दुःख गर्दा पनि होटलको मालिकले तलब बढाउने कुरा पनि गर्दैनथ्यो । त्यहाँ छाडेर अन्यत्र जान सक्ने स्थिति रामको पनि छैन । होटलमा आउने ग्राहकले यो भएन ऊ भएन भनी उसैलाई धम्क्याइरहन्छन् । यस्तो बेचैनीका साथ रामले अमेरिकामा समय व्यतीत गरिरहेको छ ।

*यमपुरीको महल* र *मोटेल अमेरिका* दुवै उपन्यासका प्रमुख पात्रहरू काम, दाम र नामका लागि अमेरिका छिरेका छन् । उनीहरूमध्ये प्रेम एक वर्ष र राम शर्मा आठ महिना त बेरोजगार नै बस्न बाध्य भए। पछि पाएको काम पनि निम्न कोटिको रहेकाले उक्त कामबाट यिनीहरूको जीवनमा खुसियाली देखिँदैन। न घरमा भने जति पैसा पठाउन सक्छन् न त उक्त कामबाट उनीहरूलाई आनन्द नै छ । प्रेम नेपालको

शिक्षक भइसकेको अनि रामले नेपालमा एम.ए. पास गरिसकेको पात्रले अमेरिकामा उच्च मान र सम्मान त पाएनन् बरु जीवन धान्नका लागि निम्न कोटिको काम गर्न बाध्य बनेका छन् ।

***अल्पसङ्ख्यक हुनुको पीडा***

*यमपुरीको महल* र *मोटेल अमेरिका* दुवै उपन्यासका प्रमुख पात्रहरू अमेरिकामा अल्पसङ्ख्यक भएकाले त्यहाँका मानिसबाट हेपिन बाध्य भएका छन् । *यमपुरीको महल* उपन्यासको पात्र प्रेम अमेरिकामा प्लेटफार्ममा सुतेका बेला एक कालो अमेरिकनले कुल्चिँदा प्रेमले कुनै प्रतिकार गर्न नसक्नु यसको नमुना हो। प्रेमले बाटामा भेटाएको एक डलरले सेभेन एलेभेन स्टोरबाट कुखुराको मासु र बियर किनेर बाहिरिन खोज्दा ढोका पुस नगरेकाले ठोकिन्छ । निधारबाट रगत बग्न थाल्छ । त्यस बखत उक्त खाने कुरा एक जना सज्जन भनाउँदाले चोरिदिएको छ । उनी दौडँदै आएर मेरो हातबाट बियर र गाईको मासु, लुछेर लगे । उनलाई टोकूँटोकूँ जस्तो भएको थियो, तर म त उनकै राज्यमा थिएँ (सुवेदी, २०६८, पृ. २२) । सेभेन एलेभेन स्टोरमा थोरै तलबमा काम गरेको प्रेमलाई ईश्वरीले निकै हेपेको छ । उसलाई ईश्वर र पाठकले अबैध भनेर उजुरी हालिदिने धम्की दिएका छन् । रेस्टुरेन्टमा काम गरेका बेला ज्याक, श्याम र मेरीले अपमान गरेका छन् । भरत र हीराले पनि काम अति नै अह्राएर हैरान पारेका तर भूमिगत भएकाले सहेरै बस्न बाध्य बनेको छ । जागिरमा अनुपस्थित रहेका बेला डेभिडले फोनमार्फत सस्पेन्ड गरिदिएको सूचना दिन्छ । भरतको बयर हाउसको अपार्टमेन्टमा अधिकारविहीन इन्चार्ज भएर काम गरेका बेला ओ.टि.को रकम नदिने, सस्तोमा धेरै कज्याउने, बोल्न, खेल्न, हाँस्न नहुने जस्ता समस्या प्रेमले भोलेको छ । उक्त अपार्टमेन्टमा काम गर्दा मालिक र मजदुर दुवैबाट उसले अपमान भोलेको छ ।

*मोटेल अमेरिका* उपन्यासको पात्र राम शर्माले पनि अमेरिकामा बस्दा अल्पसङ्ख्यक भएकै कारण अत्यन्तै पीडाको महसुस गरेको छ । रामले 'मोटेल अमेरिका' मा काम पाए पनि भने जति तलब पाउँदैनथ्यो र तलब बढाउन आग्रह गर्न पनि सक्दैनथ्यो । ऊ घुर्क्याउन सक्ने स्थितिमा थिएन । किनभने 'तलब बढाइनस् भने म छोड्छु' भन्न सक्ने ह्याउमा थिएन ऊ (न्यौपाने, २०६९, पृ. ७८) । त्यस कारण हरिन्दरले हुन्छ त छोड् भन्यो भने के गर्ने भन्ने डरले ऊ चुमुर्किन्थ्यो । र, सोच्थ्यो 'विकल्पविनाको मान्छे कायर, काँतर हुन्छ, म पनि त्यै हुँ, कायर, काँतर र हरिन्दरको दास (राजव, २०६७, पृ. ८८) भन्ने कुरा रामले गरेको छ । एक जना अमेरिकनले मोटेल अमेरिकामा काम गरिरहेको रामलाई इन्डियन जस्तै ठानेर "यू इन्डियन आर स्टुपिड गो ब्याक टु इन्डिया" (राजव, २०६७, पृ. ९७) भनेको भनाइमा पनि हेपाहा प्रवृत्ति रहेको प्रस्टै देखिन्छ । यो इन्डियन शब्दले यस उपन्यासमा रामलाई सङ्केत गरेको छ । राम अल्पसङ्ख्यक भएको बोध हरिन्दरलाई छ । त्यसैले तलब बढा भन्दा हुन्छ भन्ने तर बढाउन भन्ने पटक्कै नखोज्ने प्रवृत्ति उसमा देखिन्छ ।

*यमपुरीको महल* र *मोटेल अमेरिका* दुवै उपन्यासका प्रमुख पात्रहरू काम र दामका लागि नेपाल छाडी अमेरिका पुगेका छन् । उनीहरूले त्यस पराइ भूमिमा भने जस्तो जागिर र सुविधा पाएका छैनन् । उनीहरूको न सङ्गठन छ न समूह नै । नितान्त एक्लो रहेर जीवन सङ्घर्षमा रहेका यी दुई पात्रहरू त्यहाँ रहँदा निकै अपमान भोल्न बाध्य भएका छन् । यसो हुनुको कारण उनीहरू अल्पसङ्ख्यक हुनु नै हो ।

***भय र त्रासमा बस्नु***

*यमपुरीको महल* र *मोटेल अमेरिका* दुवै उपन्यासका प्रमुख पात्रहरू अमेरिकामा भय र त्रासमा बस्न बाध्य छन् । *यमपुरीको महल* उपन्यासको पात्र प्रेम अमेरिकामा अबैध नागरिक भएकाले लुकिछिपी बस्नुपर्ने बाध्यता रहेको छ । कति बेला कहाँ समातिन पर्ने हो भन्ने भय र त्रासमा बस्न ऊ बाध्य छ । न्युक्यारोल्डमा गई एक कुनामा सुतेका बेला पुलिसले उसलाई सुत्न दिएको छैन । आफ्नो खाने कुरा एक सज्जनले लिएर हिँड्दा र उल्टै खोपडी फुटाइदिउँला भन्दा पनि पासपोर्टको म्याद सकिएकाले प्रतिवाद गर्न सक्दैन । अमेरिकामा लामो समयसम्म बसे पनि त्यस मुलुकको नागरिक भन्ने कुनै प्रमाण नहुँदा ऊ कुनै पनि बेला समातिन सक्ने, कसैबाट आक्रमण भइहालेमा उजुरी गर्नसमेत नसक्ने अवस्थामा रहेकाले प्रेमले अति नै भययुक्त वातावरणमा आफ्नो समय व्यतीत गरिरहेको छ । "कसैले नदेखून् भनी म अफै भित्तामा टाँसिएँ । डरले साँच्चिकै पिसाब चुहिएको थियो" (सुवेदी, २०६८, पृ. १०) भन्ने उपन्यासभित्रको प्रस्तुतिमा अर्काको देशमा कसैले केही गरि पो हाल्छन् कि भन्ने भय प्रेममा रहेको देखिन्छ । आफूमाथि कसैले आक्रमण गरिहालेमा उजुरीसमेत गर्न नपाउने ठाउँमा बस्दिनँ भन्दै प्रेमले "किन यो परदेशमा मौलिक हक गुमाई कसैले थप्पड हाने पनि न्यायालय जान नसक्ने हीनदास भएर बस्ने ? म बस्दिनँ" (सुवेदी, २०६४/२०६८, पृ. १२) भने पनि प्रेम नेपाल फर्कन भने सकेको छैन बरु बाध्य भएर त्यहीँ बसिरहेको छ । "कहीँ यिनीहरू

पकिन हेरिरहेका त होइनन्'' (सुवेदी, २०६८, पृ. १५) भन्ने प्रेमको भनाइले उसभित्रको भयलाई सङ्केत गरिरहेको छ । अमेरिकामा तीस वर्षसम्म बस्दा पनि न घर न ग्रिनकार्डको अवस्थामा रहेको यो पात्र भय र त्रासपूर्ण वातावारणमा रहेको छ । बगर हाउसको अपार्टमेन्टमा रहँदा आफूमाथि खुकुरी प्रहार हुँदा पनि उजुरी गर्न सक्दैन । मालिक र मजदुर सबैबाट ऊ हेपिएको छ ।

*मोटेल अमेरिका* उपन्यासको पात्र राम शर्मा कँडेलले पनि अमेरिकामा भययुक्त वातावरणमा समय व्यतीत गरिरहेको छ । आफूले काम गर्ने होटेलको मालिकलाई आफ्नै नातेदारकी छोरीको बिहेमा अमेरिका आएको भनी ढाँटेबाट नै उसमा भय र त्रासको मानसिकता छ भन्ने पुष्टि हुन्छ । अमेरिका गएपछिको आठ महिनासम्म उसलाई मिनारले पालेकाले आफूलाई मिनारले पालेको कुकुर जस्तै ठान्ने रामले कतै यहाँ पनि बेरोजगार रहेर आफू र आफ्नो घर बिजोग हुने त होइन भन्ने भय उसमा रहिरहेको छ । मिनारले काम गरिरहे पनि राति सपनामा आवारा कुकुर जस्तो एकोहोरो रोइरहन्थ्यो (राजव, २०६७, पृ. ११) भन्ने उपन्यासको अर्को प्रसङ्गमा पनि अमेरिकामा बस्ने नेपालीमा यस्तै भययुक्त समस्या रहेको स्पष्ट हुन्छ । अमेरिकाको बसाइ भययुक्त हुन्छ भन्ने कुरालाई यस उपन्यासको प्रमुख पात्रले प्रस्तुत गरेका अभिव्यक्ति र व्यवहारले पुष्टि गरेका छन् । आफूलाई केही नगरे पनि गर्छन् कि भन्ने त्रास रहिरहन्छ । खास गरी आफ्नो समय प्रायः लिङ्कन पार्कमा बिताउने गरेको रामले निकै भयको अनुभव गरिरहेको छ । अमेरिकामा आठ महिना बेरोजगार रहँदा कहिले लिङ्कन पार्क, कहिले मल त कहिले पुस्तकालय चहार्दै रामको समय बितिरहेको छ । ''ऊ मनमनै त्यसै बरबराइरहेको थियो । पार्कमा अन्य कतिपय मानिसहरू पनि एक्लै बरबराइरहेको देख्थ्यो ऊ । उसलाई लाग्थ्यो, ती बरबराउने सबसँग घोर पीडा छ'' (राजव, २०६७, पृ. १७)। यस्तै भय र पीडाहरू झेलेर राम अमेरिकामा बसिरहेको छ ।

'मोटेल अमेरिका' मा काम गरिरहेको रामले अनेक खालका ग्राहकसँग व्यवहार गर्न परेको छ । कतिपय राम्रा त कतिपय नराम्रा ग्राहक आउने गर्छन् । मालिकले तलब नबढाएको पीडा त उसलाई छँदै छ। 'तलब बढाइनस् भने म छोड्छु' भन्न सक्ने हयाउमा थिएन ऊ । त्यस कारण हरिन्दरले हुन्छ त छोड भन्यो भने के गर्ने भन्ने डरले ऊ चुमुर्किरहन्थ्यो (राजव, २०६७, पृ. ८८) । अझ त्यसमा पनि मोटेलका बिग्रिएका सामान मर्मत नगरिदिने, जसरी भए पनि यिनीहरूको पैसा धुत्ने हो भन्ने प्रवृत्तिको मालिकका कारण उसले कतिपय ग्राहकको गाली खान परेको छ । यस्तै ग्राहकमध्येको एउटा थियो रोनाल्ड टि बुन्डी । उसले कोठाको काम नगर्ने रेफ्रिजिरेटरका कारण रामलाई झपारेको थियो । त्यस बेला रोनाल्ड टि बुन्डीका आँखाबाट समेत ज्वाला निस्किरहेका थिए । रिसले भयानकसँग त्यसरी बल्न थालेको रोनाल्ड टि बुन्डीलाई धेरै विनम्र हुने कोसिस गर्दै उसले भनेको थियो ''हैन सर माफ गर्नुस् सर'' (राजव, २०६७, पृ. ९४) । मालिकसँग ठाडो बोले जागिर जाला भन्ने डर, रोनाल्ड टि बुन्डी जस्ता ग्राहकसँग कडा बोले मुक्का खाइएला भन्ने डर उसमा रहेको छ (न्यौपाने, २०६९, पृ. ६८) । यसरी अमेरिकामा बसेका बेला रामले अनेक भय र त्रासको वातावरणमा समय बिताउन बाध्य भएको छ ।

यसरी *यमपुरीको महल* र *मोटेल अमेरिका* उपन्यासका आएका प्रमुख पात्रहरू क्रमशः प्रेम र राम शर्मा दुवै नेपाली हुन् । त्यहाँ काम गरेर आफ्नो आर्थिक अवस्था सुधार गर्ने प्रमुख उद्देश्यले उनीहरू अमेरिका पुगेका थिए । त्यहाँको वातावरण उनीहरूले सोचेको भन्दा भिन्न खालको रहेको छ । उनीहरूको समस्यामा सहयोग गर्नेभन्दा पनि उनीहरूलाई उपयोग गरेर फाइदा लिने प्रवृत्ति नै बढी रहेको देखिएको छ। कति बेला कहाँ पकाउ परिने हो ? कसको आक्रमणमा परिने हो ? कतिबेला लुटिने हो ? जस्ता भययुक्त वातावरणमा यी दुवै उपन्यासका प्रमुख पात्रहरू अमेरिकामा बाँचेका छन् । आफ्नो अबैध बसाइका कारण काम गर्ने ठाउँमा पनि ठगिएका, श्रमको उचित मूल्याङ्कनको प्रस्ताव राख्न पनि नसक्ने अवस्थामा यिनीहरू रहेका छन् । आफूहरूमाथि श्रम शोषण भइरहँदा पनि त्यसको प्रतिवाद गर्न नसक्ने अवस्थामा यी दुवै उपन्यासका पात्रहरू रहेका छन् ।

### ***आर्थिक समस्या***

*यमपुरीको महल* र *मोटेल अमेरिका* दुवै उपन्यासका प्रमुख पात्रहरू अमेरिकामा आर्थिक सङ्कट झेल्न बाध्य छन् । *यमपुरीको महल* उपन्यासको पात्र प्रेमले नेपालमा शिक्षक पेसा अँगालेर बसेको थियो । शिक्षक हडतालमा लागेकाले बर्खास्तीमा परेपछि बेरोजगार बनेको व्यक्ति हो ऊ । पत्नी लक्ष्मीप्रिया र छोराछोरीहरू विप्लव, शिव, सुन्दर, शान्ति र कान्तिहरूका साथ रहे पनि बेरोजगार भएपछि पत्नीबाटै उपेक्षित बन्न पुगेको छ । यस्तो पात्रले एक दिन आँगनमा सुतेका बेला सपना देखेको छ । उक्त सपनामा पचास वर्ष अमेरिका बसेको प्रेमले अन्ततः पाट किन्न पुग्ने पैसासमेत जम्मा गर्न नसकेको तितो वास्तविकतालाई उपन्यासमा प्रस्तुत गरिएको छ । बेरोजगारले थलिएको र आर्थिक सङ्कटले पिरोलिएको

प्रेमले यी दुवै अवस्थाबाट मुक्ति पाउनका लागि अमेरिका रोज्न पुग्छ । अमेरिका पुगेको एक वर्षसम्म उसका लागि गास र बासको ठेगान नै हुन सकेन । भूमिगत रेल स्टेसनमा बास बसेर समय गुजार्न बाध्य भएको छ । खम्बामा ठोकिएकी हीरालाई उठाएको प्रेमलाई हीराले चिन्दिन बरु उपकारको बदलामा पाँच डलर दिन्छे । हीराले दिएको पाँच डलरलाई पनि उच्च महत्त्व दिएको प्रेमको अमेरिका बस्दाको आर्थिक हैसियत निकै कमजोर रहेको छ भन्ने कुरा स्पस्ट हुन्छ । फारेगुनार्थको मेट्रो स्टेसननेर सानो गल्लीमा हिउँ उठाएर बाटो खोल्ने काम पाएको प्रेमले निकै परिश्रम गर्दा पनि जम्मा साढे तीन डलर मात्र पाउँछ । यसका साथै सेभेन एलेभेन स्टोर्समा काम गर्दा अबैध भएकाले भने जति तलब पाउँदैन । पाएको तलब घर पठाउँदा जति पठाए पनि घरकाले भयो नभनेकामा प्रेमले दुःखको महसुस गरेको छ । आर्थिक अवस्थालाई समृद्ध तुल्याउनका लागि ठूलो आशा बोकेर अमेरिका पुगेको प्रेमले त्यहाँ न भने जस्तो काम पायो न चाहे जति दाम नै पायो । उल्टै पैसाका लागि निम्न स्तरका अनि थोरै आम्दानी हुने, अनि बढी मिहिनेत गर्दा पनि श्रमको उचित सम्मान नहुने काममा नै उसको समय व्यतीत भएको छ ।

*मोटेल अमेरिका* उपन्यासको राम शर्मा कँडेल नेपालमा एम.ए. पास गरेर आफ्नो शैक्षिक हैसियतलाई समृद्ध तुल्याए पनि आर्थिक अवस्था पनि निकै कमजोर रहेको देखिन्छ । बेरोजगारीको चपेटामा परेको रामले अमेरिकामा जाने कुरा गरेपछि उसको बाबु पनि खुसी हुँदै दश लाख रुपैयाँ ऋण लिएर उसलाई अमेरिका पठाएका छन् । जानासाथ काम पाइने र उक्त ऋण तिरेपछि थप आर्थिक सुधार गर्ने सपना बोकेको रामले त्यहाँ आठ महिनासम्म बेरोजगार बस्नुपर्ला भन्ने कल्पना पनि गरेको थिएन । काम नपाउँदा बाबुलाई पहिलेको काम छाडेर अलि राम्रो काम खोज्दै छु भनी ढाँट्दै र मनमा पीडा बोक्दै मिनारको डेरामा बसेको छ । त्यहाँ बस्दा पीडाको महसुस गरे पनि उपाय नभएकाले अन्यत्र जाने सोचाइसमेत बनाउन सकेको छैन । मिनारले आफूले काम गर्ने होटेलबाट ल्याइदिएका खाने कुराबाट रामले आठ महिना गुजारा चलाएको छ । बेरोजगार भएकाले न छुट्टै डेरा लिन सक्छ न खाने कुरा नै किनेर खान सक्छ । अमेरिका पुगेको आठ महिनापछि हरिन्दरको ‘मोटेल अमेरिका’ मा काम पाए पनि बाबुलाई भने जति पैसा पठाउन सकेको भने छैन । कामको बोझ अनि हरिन्दरले तलब बढाउने सुरसार नदेखाउने प्रवृत्तिले उसको कमजोर आर्थिक अवस्थामा सुधार आउने कुनै छाँट देखिँदैन । काम पाएको पाँच महिनामा पटक पटक गरी चार पटक घरमा पैसा पठाए पनि त्यस पैसाले न घरको ऋण तिर्न सफल भएको छ न आफ्नो समस्या टार्न नै सफल भएको छ । आठ महिना काम गर्दा पनि हरिन्दरले तलब बढाउने कुनै लक्षण देखाएको छैन । होटलका कोठाहरू फुल हुँदा पनि मालिकको यस्तो व्यवहारले ऊ झनै दुःखी हुन्छ । पछि तेह्र महिना काम गरेको रामले सात हजार डलर जम्मा गरेको छ । ठूलो आन्द्राको क्यान्सरका कारण बाबुको मृत्यु भएका बेलामा पनि आर्थिक अवस्था सुधार गर्ने रहरले नेपालतिर आएको छैन । आमाले घर फर्कन आग्रह गर्दा पनि आर्थिक समस्या नै प्रमुख बाधक बनेकाले घर फर्किएको छैन ।

*यमपुरीको महल* र *मोटेल अमेरिका* दुवै उपन्यासका प्रमुख पात्रहरू अमेरिकामा आर्थिक अवस्था सुधारका लागि गएका हुन् । यसो भए पनि यी दुवै पात्रले आरम्भका समयमा त बेरोजगारको चरम पीडा भोग्न बाध्य भए । प्रेमले एक वर्षपछि र रामले आठ महिनापछि काम पाए पनि ती कामले उनीहरूको आर्थिक सङ्कटलाई समाधान गरेको देखिँदैन । नेपालबाट अमेरिका गएका यी अमेरिकी नेपाली डायस्पोरा पात्रले त्यहाँ कडा मिहिनेत गर्दा पनि उचित पारिश्रमिक नपाउने, उचित पारिश्रमिकका लागि आवाज उठाउन नसक्ने, पाएको जागिर छाड्न नसक्ने जस्ता समस्या भोग्दै अमेरिकामा समय व्यतीत गरिरहेका छन् ।

***एक्लोपन***

*यमपुरीको महल* र *मोटेल अमेरिका* दुवै उपन्यासका प्रमुख पात्रहरू अमेरिकामा एक्लोपनको अनुभूति गर्दै बस्न बाध्य छन् । *यमपुरीको महल* उपन्यासको प्रमुख पात्र प्रेमले अमेरिकामा रहँदा यस्तै अनुभूति गरिरहेको छ । पहिला त काम नै नपाउने, पाएको काम पनि तल्लो स्तरको हुनु, त्यही काम गर्दा पनि उचित पारिश्रमिक नपाउनु जस्ता समस्यामा परेको प्रेमले आफूलाई समस्या परेका बेला कतैबाट सहयोग नपाउँदा एक्लो महसुस गरिरहेको छ । आफ्नो कमाइ खोसिँदा पनि कतैबाट सहारा पाउन सकेको छैन । यसै गरी साथीभाइसँग मिल्न नसक्ने र बियरसँग झुल्न नसकेका कारण पनि उसले साथीभाइ र सङ्गत बनाउन सकेको छैन । यसै कारण ऊ अमेरिकामा एक्लो बन्दै गएको छ । बिरामी परेर रगतको आवश्यकता परेका बेला हीराले प्रेम आफ्नो पति नभएको बताउँछे भने भरतले प्रेमलाई हिजो नै बर्खास्त गरिसकेको बताएर जिम्मेवारीबाट उम्किएकाले यी दुवै पात्रबाट ठूलो सहयोगको अपेक्षा गरेका अवस्थामा त्यसबाट प्रेम वञ्चित हुन परेको छ । आधा शताब्दी अमेरिकामा बिताएको प्रेमले हीरालाई त्यति सहयोग

गऱ्यो, भरतको दास भयो आखिरी मर्ने बेलामा एक थोपा रगत पनि नपत्याएकामा आफ्नो साँच्चै कोही नभएको महसुस गरेको प्रेम यसो भन्छ- "दुःख र वेदना बिसाऊँ कसलाई ? कोही सुनिदिन पनि तयार हुन्न! सबैबाट म परित्यक्त भइसकेँ" (सुवेदी, २०६८, पृ. १३०) भन्ने प्रेमको भनाइले उसको एक्लोपनलाई स्पष्ट पार्दछ । आफूले बढी विश्वास गरेका मानिसबाट नै तिरस्कृत हुनु पर्दा प्रेमले आफूलाई सहाराविहीन र एक्लो अनुभूति गरिरहेको छ । दुःखका बेला मुखमा पानीसमेत हालिदिने मानिस नपाउँदा उसले एक्लो महसुस गर्नु स्वाभाविक देखिएको छ । यस्तो समस्यामा परेको प्रेमले यमपुरीको महल बनाउने सपना बोकी सङ्घर्षमा सक्रिय रहँदा आफ्नो सङ्घर्षलाई व्यर्थ ठान्दै बरु सन्यासी बन्नु उपयुक्त ठान्नुले उसमा जागृत भएको निराशा र एक्लोपनलाई सङ्केत गरेको छ । आफूले पसिना बगाएको ठाउँबाट नै सहयोग नपाएपछि जीवनप्रति विरक्त बनेको प्रेमले औषधीभन्दा मृत्युलाई प्यारो ठान्न थालेको छ । उसलाई जिउँदो र मर्दाको केही पत्तो छैन । अमेरिकामा यस्ता सङ्घर्ष गर्दै र हन्डर खाँदै गरेको सपना देखेको बहत्तर वर्षको प्रेम सपनाबाट बिउँझिँदा आफ्नै जन्म ठाउँ राखूको आँगनमा रहेको छ । यसरी अनुभूतिको बगाइ रहेको, स्वप्न शैलीको प्रस्तुति रहेको र ठोस कथानकको अभाव रहेको यस उपन्यासमा उपन्यासको प्रमुख पात्र प्रेमले अमेरिकामा गरेका सङ्घर्ष, प्राप्त गरेको असहयोग र अनुभूत गरेको एक्लोपनलाई सशक्त ढङ्गमा प्रस्तुत गरिएको छ ।

*मोटेल अमेरिका* उपन्यासको प्रमुख पात्र राम शर्माले अमेरिकामा एक्लोपनको अनुभूति गरेको छ । काम, दाम र नाम होला भन्ने गहिरो अपेक्षा राखेर बाबुलाई दश लाख रुपियाँको भारी बोकाएर ठुलो सपना बोकी अमेरिका छिरेको पात्र हो राम । अमेरिका पुगेको आठ महिनासम्म मिनारको डेरामा उसले नै आफूले काम गर्ने होटलबाट ल्याइदिएका खाने कुरा खाएर समय गुजार्नु पर्दा निकै नरमाइलो अनुभूति रामले गरेको छ । राति बाह्र बजेतिर मिनारले ल्याइदिएको खाने कुरा खाएर सुत्दा दुईतीन बज्छ । बिहान दश बजेतिर उठ्यो लिङ्कन पार्कतिर गयो । दिनभरि त्यतै टहलिनु पर्दा उसले एक्लो महसुस गरेको छ । समस्यामा परेका बेला कतैबाट पनि सहयोग नपाउँदा र मिनारले पनि काम पाइन्छ भन्दाभन्दै आठ महिनासम्म त्यसै गुजार्नु पर्दा रामलाई एक्लोपनले निकै सताएको छ । ठुलो आन्द्रामा क्यान्सरका कारण बाबुको मृत्युका क्षणमा पनि दुःख साट्ने मान्छेको अभावका कारण राम निकै पीडित बन्न पुगेको छ र एक्लो महसुस गरिरहेको छ । "त्यस्तो स्थितिमा झन् एक्लो हुनुले ऊभित्र वेदनाको मात्रा र घनत्व बढिरहेको थियो" (राजव, २०६७, पृ. ७७) । आफूले काम गर्ने होटलकमा कर्मचारीहरू पनि आफ्नो स्वार्थ पूर्तिका लागि सक्रिय रहेका र तिनीहरूसँग दुःख साट्नुको कुनै अर्थ नभएको ठान्दै एक्लो महसुस गरेको छ । बाबु मरेको खबर पाएपछि उसलाई अमेरिकामा सहानुभूति प्रकट गर्ने मानिस पाउनु त कहाँ हो कहाँ आफ्नै आँखाबाट निस्किएको आँसुलाई समेत रोकेर बसेको रामले (न्यौपाने, २०६९, पृ.७५) एक्लो महसुस गरिरहेको छ । आफूमाथि आइपरेका सङ्कट र समस्याका घडीमा सहयोग पाउन नसकेको, आफ्नो पीडा र समस्याबाट आँसु झर्नाको कारण बताउने सहारा नपाउँदा रामले अमेरिकामा एक्लो महसुस गरिरहेको छ ।

## तुलनात्मक विश्लेषण

*यमपुरीको महल* र *मोटेल अमेरिका* उपन्यासमा आएका प्रमुख पात्रहरू क्रमशः प्रेम र राम शर्मा कँडेलमध्ये तुलनात्मक रूपमा *यमपुरीको महल* उपन्यासको पात्र प्रेमले काम गर्ने क्रममा राम शर्माले भन्दा बढी तल्लो स्तरको काम गर्न बाध्य रहेको छ । यसै गरी पटक पटक अमेरिकाका मान्छेबाट अपमानित हुन प्रेम बढी बाध्य भएकाले अल्पसङ्ख्यक हुनुको पीडा पनि प्रेमले नै बढी झेलेको छ । यसका साथै प्रेमले नै भय र त्रासयुक्त वातावरणमा अमेरिकामा समय व्यतीत गरिरहेको छ । आर्थिक सङ्कटको मारमा *यमपुरीको महल* र *मोटेल अमेरिका* दुबै उपन्यासका पात्रहरूको पीडा समान खालको छ । अमेरिका गएको एक वर्षसम्म बेरोजगार बस्न बाध्य प्रेमले पछि काम पाउँदा पनि उसको आर्थिक अवस्था कमजोर नै रहेको छ । यसै गरी अमेरिका गएको आठ महिनासम्म बेरोजगार बस्न बाध्य राम शर्माले काम पाएपछि पनि उसको आर्थिक अवस्था कमजोर रहेको कुरा घरमा पर्याप्त पैसा पठाउन नसक्नुबाट पुष्टि हुन्छ । यसरी आर्थिक सङ्कटका कोणबाट हेर्दा यी दुबै उपन्यासका प्रमुख पात्रले समान किसिमको पीडा भोग्न बाध्य रहेका छन् । यसै गरी एक्लोपनको अनुभूतिका कोणबाट यी दुबै उपन्यासका प्रमुख पात्रले समान किसिमको पीडाको महसुस गर्न बाध्य रहेको देखिन्छ ।

## निष्कर्ष

*यमपुरीको महल* र *मोटेल अमेरिका* उपन्यासमा डायस्पोरिक लेखन प्रवृत्तिलाई अँगालेको पाइन्छ । यी दुबै उपन्यासका प्रमुख पात्रहरूको जन्मभूमि नेपाल र कर्मभूमि अमेरिका रहेको छ । नेपालमा

बेरोजगारको पीडाले ग्रसित बनेका यी दुवै उपन्यासका पात्रहरू आफ्नो बेरोजागारी समस्याको समाधानका लागि र आर्थिक उन्नतिको सपना बुनेर अमेरिका छिरेका छन् । अमेरिका पुगेका यी दुई पात्रमध्ये *यमपुरीको महल* उपन्यासको पात्र प्रेम एक वर्षसम्म बेरोजगार रहन बाध्य रहेको छ । यसै गरी *मोटेल अमेरिका* उपन्यासको पात्र राम शर्मा कँडेल आठ महिना बेरोजगार बन्न बाध्य रहेको छ ।

*यमपुरीको महल* र *मोटेल अमेरिका* उपन्यासमा आएका प्रमुख पात्रहरू सुन्दर सपना बोकेर अमेरिका पुगे पनि त्यहाँ उनीहरूले सोचेभन्दा भिन्न किसिमको परिवेशमा उनीहरू रहन बाध्य भएका छन् । उनीहरूले त्यहाँ सुविधा होइन कि समस्या मात्र भोग्न बाध्य रहेका छन् । आर्थिक समस्यालाई सुधार गर्ने सपना बोकेर अमेरिका पुगेका यी दुवै उपन्यासका पात्रहरूले सुरुमा काम नै पाएनन् र पछि पाएको काम पनि उच्च कोटिको रहेको छैन । प्रेमले हिउँ सफा गरेको छ भने रामले होटेलमा काम गरेको छ । यिनीहरू दुवैले गरेका काम निम्न कोटिको भए पनि काम गर्नु यिनीहरूको बाध्यता नै रहेकाले यस्तो कार्यलाई स्वीकार गरेका छन् । अमेरिकामा लामो समयको बेरोजगारको पीडा भोगेका यी दुवै पात्रले पैसा कमाउनभन्दा पनि आफ्नो जीवन धान्नका लागि निम्न कोटिको भए पनि काम गर्न बाध्य भएका छन् । आफूले काम गर्दाका क्षणमा होस् वा बेरोजगार रहेका बेला त्यसै रहँदा होस् उनीहरू अल्पसङ्ख्यक भएका कारण हेपिएका छन् । त्यस घडीमा कुनै प्रतिवाद गर्ने सामार्थ्य यिनीहरूले राखेका छैनन् । यी दुवै उपन्यासका प्रमुख पात्रहरू अबैध रूपमा अमेरिका पुगेका र त्यहाँ पनि हक दाबी गर्ने कुनै आधिकारिक प्रमाणका अभावमा सधैँ त्रासयुक्त वातावरणमा बाँचेका छन् । अरूले दुत्कारेका क्षणमा पनि कुनै प्रतिक्रिया दर्शाउन असमर्थ रहनुको कारण आफू अल्पसङ्ख्यक हुनु र त्यस मुलुकको आधिकारिक प्रमाणको अभाव रहनु नै हो ।

*यमपुरीको महल* र *मोटेल अमेरिका* दुवै उपन्यासका प्रमुख पात्रहरूको प्रमुख समस्या भनेको आर्थिक नै हो । यसै समस्याले थलिएर अमेरिका पुगेका यी दुवै उपन्यासका पात्रले एकातिर घरबाट पैसा चाहियो भन्दै तारन्तार गरेको खबरले पीडित बन्न पुगेका छन् भने अर्कातिर अमेरिकामा काम नपाउने अनि पाएको काम पनि निम्न कोटिको पाएका छन् । त्यसमा पनि उचित किसिमको पारिश्रमिक पाएका छैनन् । घर, परिवार, समाज र आफ्नो देश छाडेर पराइ भूमिमा गएका यी दुई उपन्यासका पात्रहरू त्यहाँ दुःखका बेला सहयोग पाउनुको सट्टा बेवास्ता गर्ने प्रवृत्तिको सिकार बन्न पुगेका छन् । मान्छेहरूको माझमा साहाराविहीन बन्नु पर्दा उनीहरूले एक्लोपनको महसुस गर्नुपरेको वास्तविकतालाई यी दुवै उपन्यासमा प्रस्तुत गरिएको छ । मूलतः *यमपुरीको महल* र *मोटेल अमेरिका* दुवै उन्यासका प्रमुख पात्रले अमेरिकामा समस्याग्रस्त जीवन व्यतीत गरिरहेको सन्दर्भलाई प्रस्तुत गरिएको छ । यिनीहरू काम र दामका लागि अमेरिका गए पनि उचित पारिश्रमिक नपाउँदा र दुर्व्यवहार भोग्नु पर्दा उनीहरू निकै पीडित बनेका छन् भने अर्कातिर घरपरिवारका अपेक्षालाई पूरा गर्न नसक्दा पनि उत्तिकै समस्यामा रहेका छन् भन्ने निष्कर्ष यस अध्ययनबाट प्राप्त भएको छ ।

समग्रमा पराइ मुलुकमा बस्दा भोग्नुपर्ने पीडाका कोणबाट हेर्दा *यमपुरीको महल* उपन्यासको प्रमुख पात्र प्रेमले तल्लो स्तरको काम बढी गरेको देखिन्छ । यसै गरी अल्पसङ्ख्यक हुनुको पीडा र भययुक्त वातावरणको मारमा पनि प्रेम नै बढी परेको छ । आर्थिक सङ्कट र एक्लोपनको अनुभूतिका कोणबाट यी दुवै उपन्यासका प्रमुख पात्रले भोग्नुपरेको पीडा समान खालको रहेको छ ।

**कृतज्ञता ज्ञापन**

*प्रस्तुत लेख वि.सं. २०६९ मा गरिएको 'डायास्पोरिक लेखनका कोणबाट यमपुरीको महल र मोटेल अमेरिका उपन्यासको तुलनात्मक अध्ययन' शीर्षकको लघु अनुसन्धानसँग सम्बन्धित छ । प्रस्तुत अनुसन्धान गर्ने अवसर प्रदान गर्ने पृथ्वीनारायण क्याम्पस, पोखराको अनुसन्धान समितिप्रति हार्दिक आभार प्रकट गर्दछु । यस लघु अनुसन्धान प्रतिवेदन कार्य सम्पन्न गर्नका लागि उचित परामर्श र सहयोग गर्नुहुने शोधनिर्देशक आदरणीय गुरु प्रा.डा. विष्णुप्रसाद पौडेलज्यूप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु । यसै गरी सामग्री सङ्कलनका क्रममा सहयोग पुऱ्याउने त्रिवि केन्द्रीय पुस्तकालय कीर्तिपुर र पश्चिमाञ्चल क्षेत्रीय पुस्तकालय पोखराका कर्मचारीहरूप्रति आभार प्रकट गर्दछु ।*

**सन्दर्भ सूची**

अधिकारी, लक्ष्मीशरण (२०७४). *डायस्पोरा विमर्श.* पोखरा : विमला कोइराला ।

एटम, नेत्र (२०६७). *नेपाली डायास्पोरा र अन्य समालोचना.* काठमाडौँ : एकता बुक्स डिस्ट्रिब्युटर्स प्रा.लि. ।

ओझा, रामनाथ (२०६६). 'डायास्पोरिक उपन्यास यमपुरीको महलको विश्लेषण'. *पृथ्वीदर्पण.* १ : १. पृ. १-९ ।
गौतम, कृष्ण (२०६४). *उत्तरआधुनिक जिज्ञासा.* काठमाडौँ : भृकुटी एकेडेमिक पब्लिकेसन्स ।
गौतम, लक्ष्मणप्रसाद (२०६६). *नेपाली साहित्यमा उत्तरआधुनिक समालोचना.* काठमाडौँ: ओरिएन्टल पब्लिकेसन हाउस प्रा.लि. ।
न्यौपाने, श्रीधर (२०६८). 'मोटेल अमेरिका उपन्यासको विश्लेषण'. *प्राज्ञमञ्च.* २५ : ११. पृ. १५६-१६३ ।
न्यौपाने, श्रीधर (२०६९). "डायास्पोरिक लेखनका कोणबाट यमपुरीको महल र मोटेल अमेरिका उपन्यासको तुलनात्मक अध्ययन". अप्रकाशित लघु अनुसन्धान. अनुसन्धान समिति पृथ्वीनारायण क्याम्पस पोखरा ।
पंज्ञानी, प्रमोद (२०६८). "डायास्पोरिक लेखनका कोणबाट यमपुरीको महल उपन्यासको विश्लेषण" अप्रकाशित स्नातकोत्तर शोध पत्र. नेपाली विभाग. पृथ्वीनारायण क्याम्पस. पोखरा ।
पौडेल, विन्दु (२०६७). 'यमपुरीको महल : एक विश्लेषण'. *अवधारणा.* १ : १. पृ. ६९-७९ ।
पौडेल, विष्णुप्रसाद (२०६८). 'समकालीन नेपाली युवा पुस्ताको पीडा : मोटेल अमेरिका'. *भानुप्रवाह.* पृ.४१-४५ ।
पौडेल, विष्णुप्रसाद (२०६९), 'होमनाथ सुवेदीका उपन्यासहरूको अध्ययन', *प्राज्ञ प्रभात,* ३ : ३, पृ. २२-५६ ।
भट्टराई, गोविन्दराज (२०६४). *उत्तरआधुनिक विमर्श.* काठमाडौँ : मोर्डन बुक्स ।
भट्टराई, गोविन्दराज (२०६८). 'नेपाली डायास्पोरिक साहित्यको प्रथम उपन्यास यमपुरीको महल'. *यमपुरीको महल.* दोस्रो संस्क. पृ. ङ-भ. ललितपुर : साझा प्रकाशन ।
राजव (२०६७). *मोटेल अमेरिका.* ललितपुर : साझा प्रकाशन ।
लुइटेल, खगेन्द्रप्रसाद (२०६८). 'नेपाली साहित्यमा डायास्पोराको योगदान'. *अन्तर्राष्ट्रिय नेपाली डायास्पोरा प्राज्ञिक अध्ययन.* वासिङ्टन डिसी : अनेसास ।
सिटौला, मोहन (२०६८). 'प्रकाशकीय'. *यमपुरीको महल.* दोस्रो संस्क. पृ. क-ग. ललितपुर : साझा प्रकाशन ।
सुवेदी, होमनाथ (२०६८). *यमपुरीको महल.* दोस्रो संस्क. ललितपुर : साझा प्रकाशन ।